नेपाल राष्ट्र बैंक
वीरगञ्ज कार्यालय
मौजुदा सूची दर्ता गराउने बारेको सूचना
(प्रथम पटक प्रकाशित २०८०/०३/१२)

यस कार्यालयले आगामी आ.व.२०८०/८१ मा खरिद गर्ने तपसिल बमोजिमका सामान तथा सेवा आपूर्तिकर्ताहरुका सूची तयार गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (Standing List) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौ संशोधन) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँट तथा नेपाल राष्ट्र बैंकको वेब साइट (www.nrb.org.np) बाट समेत प्राप्त गर्न सकिने छ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लिखित विवरणहरु भरी सही छाप गरी आवश्यक कागजातहरुका साथ पेश गर्नुपर्ने छ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सुचीमा समावेश गरिने छैन । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । अन्य आवश्यक जानकारीका लागि यस कार्यालयको आन्तरिक प्रशासन फाँट तथा स्टोर फाँटमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | विवरण | सि.नं. | विवरण |
|---|---|---|---|
| **क.** | **खरिद तथा आपूर्ति तर्फ** | २. | इन्जिनियरिङ्ग सेवा |
| १. | स्टेशनरी छपाई तथा फुटकर सामान | **ग.** | **मर्मत तथा संभार सेवा** |
| २. | विद्युतिय सामाग्री | १. | इलेक्ट्रोनिक्स उपकरण(कम्प्यूटर, प्रिन्टर फोटोकपी मेशिन, यु.पि.एस. फ्याक्स आदि) मर्मत सेवा |
| ३. | निर्माण सामाग्री तथा रंगरोगन | २. | फर्निचर मर्मत सेवा |
| ४. | सवारी साधनको पार्टपूर्जा तथा लुब्रिकेन्ट्स | ३. | सवारी साधन मर्मत सेवा |
| ५. | हार्डवेयर तथा फिटीङ्ग | ४. | विद्युतिय उपकरण (एयरकण्डिसनर जेनेरेटर मर्मत आदि) |
| ६. | फर्निचर | ५. | टेलिफोन मर्मत सेवा |
| ७. | पर्दा, कार्पेट, डोरमेट आदि | ६. | इन्टरनेट, कम्प्यूटर नेटवर्किङ्ग सेवा |
| ८. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर,ल्यापटप सो सम्बन्धि पार्टस लगायत) | ७. | भवन मर्मत तथा संभार सेवा (पाईप तथा पाईप फिटीङ्ग समेत) |
| ९. | पत्रपत्रिका तथा पुस्तकहरु | **घ.** | **अन्य सेवा** |
| १०. | फण्ड ढुवानीको लागि बाकस | १. | कुरियर सेवा |
| **ख.** | **परामर्श सेवा** | २. | ढुवानी सेवा |
| १. | सूचना प्रविधी तथा नेटवर्किङ्ग सेवा | ३. | सवारी साधन बहालमा उपलब्ध गराउने (Outsourcing) सेवा |

नेपाल राष्ट्र बैंक, बीरगञ्ज कार्यालय, आदर्शनगर
फोन नं.: ०५१ ५९११५३, ५९११६३

NEPAL RASTRA BANK
ESTD. 2013
BIRGUNJ OFFICE

# मौजुदा सूचिमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (संशोधन सहित) को विनियम १८ को उप-विनियम ३ अनुरुप आपुर्तिकता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

क. कारोबार गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट स्वीकृति लिएको प्रमाणित प्रतिलिपि।

ख. स्थायी लेखा नम्बर (PAN) वा मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणित प्रतिलिपि।

ग. आ.व. २०७८/७९ को कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि।

घ. फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रमा सूचीकृत हुन चाहेको क्षेत्रमा कारोबार गर्न ईजाजत लिएको व्यहोरा स्पष्ट खुलेको प्रमाणित प्रतिलिपि।

ङ. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणित कागजातको प्रमाणित प्रतिलिपि।

च. तत्काल आपुर्ति गर्न सक्नेगरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको प्रमाणित प्रतिलिपि।

छ. विगतको कार्य सम्पादन र गुणस्तर सन्तोषजनक भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

ज. बिक्री पछिको सेवाको व्यवस्था सुनिश्चित भएको कागजातको प्रमाणित प्रतिलिपि।

झ. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषण।

ञ. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्टठेगाना, फो नं., मोबाइल नम्बर,इमेल,वेभसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने।

ट. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिवद्धता सहितको कागजातहरु।

ठ. मालसामान आपुर्तिको हकमा बैंकलाइ आवश्यक परेको बखत सम्पर्क गर्न मिल्ने गरी कारोबार प्रकृति अनुरुपको पसल/कार्यस्थल फर्मको नाम समेत देखिने गरी खिचिएको फोटो तथा उक्त स्थानसम्म पुग्न सकिने नक्शा।

NEPAL RASTRA BANK
ESTD. 2013
BIRGUNJ OFFICE

**मौजुदा सुचीमा समावेश गर्न पेश गरेको निवेदन**
**(सम्भव भएसम्म आफ्नो लेटर प्याडमा पेश गर्ने)**

श्रीमान् निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
वीरगञ्ज कार्यालय

मिति: २०८०/०३/

**विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौ संशोधन समेत) को विनियम १८ को उपविनियम (४) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

| | |
|---|---|
| तपशिल : १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | च) मोवाईल नं. : |
| २. **मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने ।**<br>**(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र ।**<br>**(ख) नविकरण गरिएको ।**<br>**(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र ।**<br>**(घ) कर चुक्ताको प्रमाणपत्र ।**<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो,सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि । | |
| ३. विभाग/कार्यालयबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | |
| (क) मालसामान आपूर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | (ख) निर्माण कार्य : |
| ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | (घ) अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) |

| | | |
|---|---|---|
| निवेदन दिएको मिति : २०८०/<br>आ. व. : **२०८०/८१** | फर्मको छाप : | निवेदकको नाम :<br><br>हस्ताक्षर : |

NEPAL RASTRA BANK ESTD. 2013 BIRGUNJ OFFICE

१.मौजुदा सूचीमा पेश गरिएका कागजातहरु ।

| क्र.सं. | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| १. | फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र एवं कारोवार क्षेत्र । | |
| २. | PAN/VAT मा दर्ता भएको पमाण पत्र । | |
| ३ | आ.व.२०७९/२०८० को कर चुक्ता गरेको प्रमापत्र वा कर विवरण पेश गरेको प्रमाण । | |
| ४. | कुनै उत्पादनको अधिकृत डिलर एवम् बितरक भए सोको म्याद कायम रहेको प्रमाण पत्र । | |
| ५. | पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र । | |
| ६. | फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना,फोन नं. मोवाईल नम्बर फ्याक्स नम्बर,इमेल,वेवसाईट आदि । | |

| फर्म/संस्था/कम्पनी रहेको स्थान खुल्ने नक्सा |
|---|
| |

**नोट :**

१.मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान मात्रको कारोवार गर्ने भएमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र पेश गर्न आवश्यक हुने छैन ।

२.आवेदनकर्ताले आवश्यकता अनुरुप आफ्नो व्यवसायको क्षमता,कार्य अनुभव,वित्तिय सक्षमता सम्बन्धी कागजातहरु समावेश गर्न सक्ने छन् ।

NEPAL RASTRA BANK
ESTD. 2013
BIRGUNJ OFFICE

## २. निवेदकको जानकारी सम्बन्धि विवरण ।

(निवेदकले निवेदन साथ देहायको विवरण भरी पेश गर्नु पर्ने छ ।)

| | | |
|---|---|---|
| १. | निवेदकको नाम | |
| २. | निवेदकको ठेगाना | |
| ३. | निवेदकका टेलिफोन नम्वर | |
| ४. | निवेदकको मोवाईल नम्वर | |
| ५. | निवेदकको इमेल | |
| ६. | निवेदकको फर्म दर्ता भएको जिल्ला | |
| ७. | निवेदकको फर्म दर्ता भएको वर्ष | |
| ८. | निवेदकको फर्म/कम्पनी वा संस्थाको प्रकार | |

NEPAL RASTRA BANK ESTD. 2013 BIRGUNJ OFFICE

## सुचीकृत हुन चाहेको क्षेत्र

**( निवेदकले निवेदन साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ )**

| सामान तथा सेवाहरुको प्रकार | | सुची दर्ता गर्न चाहेको क्षेत्रमा (√) लगाउने |
|---|---|---|
| क. | **खरिद तथा आपूर्ति तर्फ** | |
| १. | स्टेशनरी छपाई तथा फुटकर सामान | |
| २. | विद्युतिय सामाग्री | |
| ३. | निर्माण सामाग्री तथा रंगरोगन | |
| ४. | सवारी साधनको पार्टपूर्जा तथा लुब्रिकेन्ट्स | |
| ५. | हार्डवेयर तथा फिटीङ्ग | |
| ६. | फर्निचर | |
| ७. | पर्दा, कार्पेट, डोरमेट आदि | |
| ८. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर,ल्यापटप सो सम्बन्धि पार्टस लगायत) | |
| ९. | पत्रपत्रिका तथा पुस्तकहरु | |
| १०. | फण्ड ढुवानीको लागि बाकस | |
| ख. | **परामर्श सेवा** | |
| १. | सूचना प्रविधी तथा नेटवर्किङ्ग सेवा | |
| २. | इन्जिनियरिङ्ग सेवा | |
| ग. | **मर्मत तथा संभार सेवा** | |
| १. | इलेक्ट्रोनिक्स उपकरण(कम्प्यूटर, प्रिन्टर फोटोकपी मेशिन, यु.पि.एस. फ्याक्स आदि) मर्मत सेवा | |
| २. | फर्निचर मर्मत सेवा | |
| ३. | सवारी साधन मर्मत सेवा | |
| ४. | विद्युतिय उपकरण (एयरकण्डिसनर जेनेरेटर मर्मत आदि) | |
| ५. | टेलिफोन मर्मत सेवा | |
| ६. | इन्टरनेट, कम्प्यूटर नेटवर्किङ्ग सेवा | |
| ७. | भवन मर्मत तथा संभार सेवा (पाईप तथा पाईप फिटीङ्ग समेत) | |
| घ. | **अन्य सेवा** | |
| १. | कुरियर सेवा | |
| २. | ढुवानी सेवा | |
| ३. | सवारी साधन बहालमा उपलब्ध गराउने (Outsourcing) सेवा | |

..............................
फर्मको छाप

..............................
फर्मको तर्फबाट हस्ताक्षर